# खप्तड छान्ना गाउँपालिका भित्रका सामुदायिक बिद्यालयमा "शैक्षिक अनुदान सहायता सम्बन्धी कार्यबिधी २०७९"

मिति २०७९।१०।०६ मा स्वीकृत

**खप्तडछान्ना गाउँपालिका, छान्ना वझाङ**

खप्तड छान्ना गाउँपालिका भित्रका सामुदायिक बिद्यालयमा "शैक्षिक अनुदान सहायता सम्बन्धी कार्यबिधी २०७९"

**प्रस्तावना** : खप्तड छान्ना गाउँपालिका भित्रका सामुदायिक बिद्यालयमा शिक्षकहरुको दरबन्दी कायम हुन नसक्दा शिक्षाको गुणस्तर बृद्धिमा समस्या पर्न जाने भएकाले गाउँपालिका बाट अनुदान तथा अक्षय कोष स्थापना गरी सो को परिपुर्ति गरी शैक्षिक गुणस्तरलाई उच्च बनाई शिक्षण सिकाईलाई प्रभावकारी बनाउन बान्छनिय भएकोले स्थानिय सरकार संञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी खप्तड छान्ना गाउँपालिकाले यो कार्यबिधी बनाई गाउँपालिका क्षेत्र भित्र लागु गरेको छ ।

## परिच्छेद – १

**(१) संक्षिप्त नाम र प्रारम्भ :–**

(क) यस कार्यबिधीको नाम खप्तड छान्ना गाउँपालिका भित्रका सामुदायिक बिद्यालयमा शैक्षिक अनुदान सहायता सम्वन्धी कार्यबिधी २०७९ रहेको छ ।

(ख) यो कार्यबिधी गाउँसभा बाट पारित भएको मिति बाट खप्तड छान्ना गाउँपालिकामा लागु हुनेछ ।

(२) परिभाषा :– बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधीमा

(क) कार्यबिधी भन्नाले सामुदायिक बिद्यालय शैक्षिक अनुदान तथा अक्षय कोष स्थापना सम्वन्धी कार्यबिधी २०७९ लाई सम्झनु पर्नेछ ।

(ख) "शैक्षिक अनुदना सहायता सामुदायिक बिद्यालय शैक्षिक गुणस्तर सुधार गर्न यस गाउँपालिकाद्धारा आफ्नो भौगोलिक क्षेत्र भित्रका शैक्षिक सस्थामा नियुक्ति प्राप्त शैक्षिक जनशक्ति⁄ शिक्षकहरुलाई तलव भत्ता वापत गाउँपालिका वाट उपलब्ध गराईने रकमलाई सम्झनु पर्दछ ।

(ग) अक्षय कोष भन्नाले यस गाउँपालिकाबाट अक्षय कोष स्थापनार्थ प्रदान गरिएको
रकम तथा सो परियोजनका लागी अन्य स्रोतबाट प्राप्त रकमलाई सम्झनु पर्दछ ।

(घ) शैक्षिक संस्था भन्नाले प्रचलित कानुन बमोजिम स्थापना भई खप्तड छान्ना गाउँपालिका क्षेत्रभित्र संञ्चालन रहेका पूर्व प्राथमिक बिद्यालय ,आधारभूत बिद्यालय र माध्यामिक लाई सम्झनु पर्दछ ।

(ङ) प्रधानाध्यापक भन्नाले प्रचलित कानुन बमोजिम स्थापना भई संञ्चालनमा रहेका बिद्यालयहरुको आर्थिक र प्रशासकिय जिम्मेवारी प्राप्त प्रमुख व्यक्ति लाई सम्झनु पर्दछ ।

(च) थप परिभाषा नेपाल सरकार, प्रदेश सरकार र खप्तड छान्ना गाउँपालिकाद्धारा जारी भएको आधारभूत तथा माध्यामिक शिक्षा ऐन २०७९ (संशोधन सहित ) मा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद – २

## अनुदान सहायता सम्वन्धी व्यवस्था

(३) अनुदान सहायता गाउँपालिका क्षेत्रभित्र सामुदायिक बिद्यालयमा हाल संञ्चालनमा रहेका अग्रेजी,मातृभाषा एव बिदेशी भाषा प्राविधिक बिषय विषयबिज्ञ आदी अध्यापन गराउने र परामर्स दिने जनशक्ति शिक्षक, सामुदायिक बिद्यालयमा शिक्षक दरवन्दी कायमा भै नसकेको अवस्थामा सो बिद्यालयमा शैक्षिक गुणस्तर कायम गर्न नियमित कार्यरत जनशत्ति शिक्षक र सामुदायिक बिद्यालयहरुमा शैक्षिक गुणस्तर कायम गर्न उपलब्ध जनशत्ति शिक्षकहरु रहेको सामुदायिक बिद्यालयहरुमा आवश्यकता अनुसार मात्र उपलब्ध गराईनेछ ।

(४) अनुदान प्राप्त बिद्यालयहरुले करार सेवामा जनशक्ति नियुक्ति गर्नुपर्नेछ ।

(५) अनुदान सहायता माग गर्ने शैक्षिक संस्थाले व्यवस्थापन समितिवाट निर्णय गरी प्रमाणित प्रतिलिपी राखी माग गरिएको शिक्षक तह र विषय समेत खुलाई गाउँपालिका समक्ष माग पत्र पेश गर्नुपर्नेछ ।

(६) अनुदान सहायता माग भै आएका शैक्षिक संस्थाहरुको आवश्कता र औचित्य
समेतको छानविन गरी आवश्यक देखिएमा सम्वन्धीत शैक्षिक संस्थाहरुलाई
गाउँपालिकाले अनुदान सहायता रकम प्रक्रिया पु–याई बिद्यलयको खातामा निकासा
गराईनेछ ।

(७) अनुदान सहायतामा नियुक्त शिक्षक जनशक्तिको करार अवधी शुरुमा १ वर्षको हुनेछ
त्यस पछी कार्यसम्पादन मूल्याङ्कन , पेशागत निष्ठा र अनुशाशन समेतको आधाारमा
कार्य अवधी थप गर्न सकिनेछ ।

(८) अनुदान सहायतामा शैक्षिक जनशत्ति नियुक्ति गर्दा कम्तीमा १५ दिन अवधीको
बिज्ञापन प्रकाशित गरी प्रतिस्पदाको आधारमा छनौट गरी नियुक्ति गरिनेछ ।

(९) शैक्षिक संस्थामा हाल निजी स्रोतमा कार्यरथ शिक्षक जनशक्तिहरुको हकमा
कार्यसम्पादन मूल्याङ्कन, पेशागत निष्ठा र अनुशाशन समेतलाई दृष्टिगत गरी मौखिक
अन्तरवार्ताको माध्यमबाट छनौट गर्न सकिनेछ ।

(१०) अनुदान सहायतामा नियुक्त शैक्षिक जनशत्तिको तलव भत्ता र अन्य सेवा सुविधा

प्रचलित कानुन बमोजिम गाउँपालिकाबाट निकासा गरिनेछ ।

(११) गाउँपालिकाबाट निकासा प्राप्त अनुदान सहायता वाफतको रकम सम्वन्धीत बिद्यालयले सम्वन्धीत शिक्षकको बैक खातामा जम्मा गरी वा नगदै भुक्तानी दिई हिसाव दुरुस्त राख्नुपर्नेछ ।

(१२) यस कार्यविधी अनुसार सामुदायिक बिद्यालयहरुमा गाउँपालिकाद्धरा अक्षय कोष स्थापना गर्न सकिनेछ । सो अक्षय कोषको स्थापना तथा संञ्चालन निम्न अनुसार हुनेछ ।

सो मात्र खर्चगर्न पाइनेछ ।

(ग) आएको व्याजको १० प्रतिशत रकम अक्षयकोषमा नै हरेक वर्ष जम्मा गर्नुपर्नेछ (घ) अक्षयकोषको रकम प्रप्त गर्न सम्वन्धीत सामुदायिका बिद्यालयले सो रकमको प्रयोग सम्वन्धी प्रस्तावना पेश गर्नुपर्नेछ । उक्त प्रस्तावना मानसिक ठहरिएमा यकार्यपालिकाले निर्णय गरी अक्षयकोष प्रदान गर्नेछ ।

(ङ) अक्षयकोषमा गाउँपालिकाले दिएको रकम पुन : फिर्ता हुनेछैन ।

(च) बिद्यालयका प्रधानाध्यापक वा लेखापाल आदी बाट अक्षयकोषको रकम हिनामिना गरेमा सार्वजनिक सम्पति हिनामिना गरे सरह असुल उपर गरिनेछ ।

## परिच्छेद – ३

## अनुदान सहायता सम्वन्धीको शैक्षिक जनशक्ति छनौट प्रक्रिया

(१३) अनुदान सहायता सम्वन्धीको शैक्षिक जनशक्ति छनौट तथा सिफारिस समिति : शैक्षिक जनशक्ति छनोट गर्ने प्रयोगजनार्थ देहाएका ५ सदस्यीय छनौट तथा सिफारिस समिति रहनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | संयोजक |
| (ख) सम्वन्धीत विषयको विषयबिज्ञ एक जना | सदस्य |
| (ग) सम्वन्धीत बिद्यालयको वि.व्य.स. अध्यक्ष | सदस्य |
| (घ) सम्वन्धीत बिद्यालयको प्रधानाध्यापक | सदस्य |
| (ङ) गाउँपालिकाको शिक्षा शाखा प्रमुख | सदस्य सचिव |

(१४) शैक्षिक जनशत्ति छनौट तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हनेछ

(क) अनुदान सहायता सम्वन्धीको शैक्षिक जनशक्ति पदपुर्तिका लागी विज्ञपन गर्ने ।

(ख) शैक्षिक जनशक्ति पदपुर्तिकालागी आवश्यक शैक्षिक योग्यता, अनुभव सहितको कागजात माग गर्ने गराउने ।

(ग) आवश्यक निर्णय गरी लिखित,मौखिक वा दुबै प्रकारको परिक्षा लिने ।

(घ) परीक्षाको मर्यादा एवम गोपनियतालाई कायमा राखि परीक्षाको प्रश्न प्रत्र तयार गर्ने र उत्तर पुस्तिका जाँच गरी नतिजा प्रकाशन गर्ने ।

(ङ) प्रतिस्पर्दाको आधारमा योग्य र दक्ष शिक्षक छनोट गरी नियुक्तिको लागी गाउँपालिकामा सिफारिस गर्ने ।

(च) शैक्षिक जनशक्ति छनोट प्रक्रियामा गाउँपालिकाबाट तोकिएको अन्य कार्य गर्ने ।

## परिच्छेद ४ –

## शैक्षिक जनशक्तिको प्रोत्साहन भत्ता सम्वन्धी व्यवस्था

(१५) गाउँपालिका भित्रका सामुदायिक बिद्यालयहरुमा अनुदान कार्यरथ शैक्षिक जनशक्तिलाई नेपाल सरकारबाट उपलब्ध गराइने सेवा सुविधा सरह नै सेवा सुविधा उपलब्ध हुने र थप प्रोत्साहन भत्ता समेत उपलब्ध गराउन बाधा पर्ने छैन, यस्तो प्रोत्साहन भत्ता मासिक तलबको १५ प्रतिशत भन्दा बढी हुने गरी गाउँपालिकाले निर्णय गर्ने छैन ।

(१६) प्रोत्साहन भत्ता लिने जुनसुकै शिक्षक जनशक्तिले प्रधानाध्यापकको मतहतमा रही पुरै समय काम गर्नु पर्नेछ । यसरी तोकिएको पुरै बिद्यालय समय सम्म काम गर्न नसक्ने जनशक्तिलाई प्रोत्साहन भत्ता उपलब्ध गराईने छैन ।

(१७) अनुदान सहायतामा नियुक्त शैक्षिक जनशत्तिले प्राप्त गरेको सेवा सुविधा र

पारिश्रमिक वाफतको आर्थिक कारोवारको हिसाव किताव दुरुस्त राखी प्रचलित कानुन बमोजिम सम्वन्धीत बिद्यालयले लेखापरिक्षण गराउनुपर्नेछ ।

(१८) अनुदान सहायतामा नियुक्त जनशक्तिले यस कार्यबिधीमा तोकिए बामोजिम कार्य गरे नगरेको बिषयमा बि.व्य.स., गाउँ शिक्षा शाखा तथा गाउँकार्यपालिकाबाट अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।

**परिच्छेद ५**

**बिबिध**

(१९) अनुदान सहायतामा नियुक्त शिक्षकले नियुक्ति पाएको बिद्यालयमा विशेष परिस्थीति (अनुदान रोक्का तथा मृत्यु) वाहेक अनिवार्य १ शैक्षिक सत्र कार्य गर्नुपर्नेछ सो वाहेक पद छोडन चाहेमा कम्तीमा तीस दिन अगावै सम्वन्धीत बिद्यालयको आर्थिक र प्रशाशकिय जिम्मेवारी प्राप्त प्रमुख समक्ष लिखित जानकारी दिनुपर्नेछ । लिखित जानकारी भएको बिवरण प्रशाशकिय जिम्मेवारी प्राप्त प्रमुखले यथाशिघ्र गाउँपालिकामा दिनुपर्नेछ ।

(२०) अनुदान सहायता शिक्षकको कार्यसम्पादन सन्तोषजनक नभएमा वा अनुशाशन उल्लघन गरेमा,नैतिक पतन हुने कुनै कार्य गरेको पुष्टि भएमा वा प्रचलित कानुनले निषेध गरेको कुनै कार्य गरे गराएको ठहरेमा गाउँपालिकाको निर्णयवाट निज संगको करार सम्झौता भंग गरी पदवाट हटाउन सकिनेछ तर यसरी हटाउनु अघी निजलाई आफ्नो सफाई पेश गर्ने मौका भने प्रदान गरिनेछ ।

(२१) अनुदान सहायता नियुक्त शिक्षकलाई परेको समस्या र सुनुवाई सम्वन्धी व्यस्था निम्न अनुसार रहेकोछ ।

(क)अनुदान सहायता नियुक्त शिक्षकलाई कार्य सम्पादनको सिलसिलामा कुनै समस्या भएमा सम्वन्धी बिद्यालयको आर्थिक र प्रशासकिय जिम्मेवारी प्राप्त प्रमुख समक्ष लिखित रुपमा निबेदन दिन सकिनेछ र सो निबेदन उपर बिद्यालयको प्रशासकिय प्रमुखले बढीमा ७ दिन भित्र सुनुवाई गर्नुपर्नेछ ।

(ख) माथी(क) मा उल्लेखित समय सिमा भित्र प्रशासकिय जिम्मेवारी प्राप्त प्रमुख समक्ष पेश भएको निबेदन उपर सुनवाई नभएमा अनुदान सहायता नियुक्त शिक्षकले गाउँपालिका समक्ष लिखित रुपमा निबेदन दिन सक्नेछ र सो निबेदन उपर गाउँपालिकाले वढीमा १५ दिन भित्र सुनुवाई गर्नुपर्नेछ ।

(२२) अनुदान सहायतामा नियुक्त शिक्षकको काम कर्तव्य र अधिकार तथा सेवा सुविधा र सत्र नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिकाले जारी गरेको आधारभूत तथा माध्यामिक शिक्षा ऐन २०७९ (संसोधन सहित) तथा यस कार्यबिधीमा उल्लेख भए देखि बाहेक करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

२३) खारेजी र बचाउ : यो कार्यबिधी लागु हुनु पूर्व शैक्षिक अनुदान सहायता सम्वन्धी भए गरेका अन्य कार्यहरु यसै कार्यविधी भएको मानिनेछ ।

२४) सर्बाधिकार : यस शैक्षिक अनुदान सम्वन्ध कार्यबिधीको सर्बाधिकार यस गाउँपालिकामा निहित हुनेछ ।

## सुधार कार्यक्रमका लागी परियोजना प्रस्ताव

बिद्यालयको नाम :

ठेगाना :

संञ्चालित कक्षा :

बिद्यार्थी संख्या :

| जिल्ला | स्थानिय तह | Iemis code | प्रस्तावित कार्यक्रम | लगत | संलग्न कागजात | स्थानिय तहको प्रथमिकीकरण |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

माथि तोकिएको प्राथमिकताक्रम अनुसार कुनै एउटा कार्यक्रम समावेश गरि उपलब्ध गराई दिन हुन अनुरोध ।